२०७४ जेष्ठ ११ गते अर्थ समितिको बैठकमा माननीय सदस्यहरुले दिइएका सुझावका आधारमा आ.व. २०७४/०७५ को बजेटमा सम्बोधन गरिनु पर्ने समितिको तर्फबाट दिइएका सुझावहरु :

- स्थानीय तह नै बजेटका आधार हुन र अधिकार जहाँ दिइन्छ त्यहाँ धेरै बजेट दिने व्यवस्था गरियोस् । स्थानीय तहलाई पर्याप्त बजेटको व्यवस्था गरिनु पर्दछ । साथै निश्चित मापदण्ड तयार पारि समानुपातिक किसिमले बजेट विनियोजन गरिनु पर्दछ । **आफ्नो गाउँ आफै बनाऊँ"** जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनु पर्दछ ।
- **स्थानीय तहको कार्यालय संचालन र सेवा प्रवाहको** लागि पुराना संरचनाहरुको उपयोगको योजना बनाउने र आवश्यकतानुसार नयाँ संरचना विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनु पर्ने ।
- **स्पष्ट दिशा** निर्देश सहित स्थानीय तहको **बजेट परिचालन र खर्चप्रणाली व्यवस्थापन गरियोस् ।**
- संघीयता, पुनर्निमाण र निर्वाचनमा आधारित बजेट ल्याइनु पर्दछ । जनताले अनुभुत गर्ने किसिमको बजेट आउनु पर्दछ ।
- राष्ट्रिय गौरवका आयोजनालाई बजेट छुट्याउदा कार्यान्वयनमा पनि जोड दिइयोस् ।
- कर प्रणालीमा समसामयिक सुधार गर्ने र अनियमितता नियन्त्रण गर्ने कार्यक्रम ल्याइयोस् ।
- तराईमा हुलाकी राजमार्ग, पहाडमा मध्य पहाडी लोकमार्ग निर्माण जस्तै ताप्लेजुङ्गदेखि दार्चुलासम्म सबै हिमाली जिल्लाहरुलाई समेट्ने गरी **हिमाली राजमार्ग** निर्माणको लागि बजेट विनियोजन गरिनु पर्दछ । साथै हिमाली सिटी अवधारणालाई बजेटमा सम्बोधन गरिनु पर्दछ ।
- भूकम्प प्रभावित र अन्य पहाडी र हिमाली क्षेत्रमा **एकीकृत बस्ती विकास**लाई प्राथमिकता दिई कार्यक्रम ल्याइनु पर्दछ ।
- वित्तीय संस्थाको पहुँच नपुगेका स्थानीय तहमा वित्तीय संस्थाको स्थापना गरेर भएपनि वित्तीय कारोवार गर्ने व्यवस्था गरिनु पर्दछ ।
- भूकम्प पछिको पुनर्निमाणको अनुदान प्रक्रियालाई सरलीकरण गरी अनुदान रकमका बाँकी किस्ता उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।
- जनता आवास कार्यक्रमको लागि घडेरी नहुनेको लागि घडेरीको **व्यवस्था सहित घर बनाउने व्यवस्था** मिलाउने साथै यस्ता कार्यक्रममा अन्य सिमान्तकृत, गरिब र विपन्न समुदायलाई पनि समेट्ने व्यवस्था गरियोस् । घर निर्माणको रकम बढाइनु पर्दछ ।

- **भूमिहिन, सुकुम्बासी**हरुको समस्या समाधान गर्ने कार्यक्रम ल्याइयोस् ।
- कृषि उपजको **आयात प्रतिस्थापन** गर्ने कार्यक्रम ल्याउने । कृषि बजेटमा **पशुपंक्षी क्षेत्र**लाई समेत प्राथमिकता दिने ।**कृषिमा लगानी गर्दा आत्मनिर्भर किसिमको हुनु पर्ने र साना तथा मध्यम कृषकहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी अनुदानको व्यवस्था गरियोस् । प्रत्येक स्थानीय तहमा कम्तीमा एक/एक वटा शित भण्डार स्थापना गर्ने व्यवस्था होस् ।** कृषि क्षेत्रको **आधुनिकिकरण र यान्त्रिकीकरणमा** बजेट व्यवस्था गरियोस् । जमिनको वर्गिकरण गरी कृषियोग्य जमिनको अतिक्रमण रोक्ने कार्यक्रम ल्याउनु पर्दछ । **जलवायु परिवर्तन अनुकूलन** गर्ने र कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर न्यूनिकरण गर्ने कार्यक्रम ल्याउनु पर्दछ ।
- **स्थानीय उत्पादन प्रयोग हुने उद्योगहरुको स्थापना र विकासमा बजेट विनियोजन गरियोस् ।** प्रत्येक प्रदेशमा कृषिका उद्योगहरु, जडिबुटी संकलन र प्रशोधन उद्योगहरु खोलिने व्यवस्था गरियोस् ।
- **जडिबुटीको बैज्ञानिक संकलन, प्रशोधन, र बजारिकरण**मा समुदाय र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउनु पर्दछ । **जडिबुटीको अध्ययन अनुसन्धान गर्न जडिबुटी विश्वविद्यालयको स्थापना गरिनु पर्दछ ।**
- अल्लो, अलैची, जडिबुटी लगायत **तुलनात्मक लाभका क्षेत्र**हरुको प्रबर्द्धन गर्ने कार्यक्रम ल्याइयोस् ।
- मध्य पहाडी पुष्पलाल लोकमार्गको आसपासमा प्रस्तावित दश नयाँ शहरको पूर्वाधार विकासलाई प्राथमिकता दिने र अन्य क्षेत्रमा पनि **नयाँ शहर**को विकासका लागि बजेट व्यवस्था गरिनु पर्ने ।
- **आन्तरिक बसाई सराईको दर कम** गर्ने कार्यक्रम ल्याइनु पर्दछ ।
- सडक लगायत पूर्वाधार विकास गर्दा आवश्यकतानुसार **सम्बद्ध निकायसँग समन्वय** गरी समयमै बजेट कार्यान्वयन हुने व्यवस्था मिलाउने ।
- निर्वाचन क्षेत्र रणनीतिक सडकहरुलाई सम्पन्न गर्ने गरी बजेट व्यवस्था गर्नुपर्ने ।
- काठमाडौं तराई जोड्ने द्रुतमार्ग, बुढीगण्डकी जलविद्युत आयोजना, हुलाकी मार्ग, मध्य पहाडी लोकमार्ग लगायत सबै **राष्ट्रिय गौरवका आयोजनाहरुलाई पर्याप्त बजेट** व्यवस्था गर्ने ।
- पहाडी र हिमाली क्षेत्रमा विद्यालयको हालको संरचनामा परिवर्तन गरी **आवासीय विद्यालय** विकासमा जोड दिइयोस् ।
- वैदेशिक रोजगारीमा जाने **युवाहरुको लागि तालिमको** व्यवस्था गरिनु पर्ने । दक्ष जनशक्ति उत्पादन गरिनु पर्ने । वैदेशिक रोजगार घटाउने किसिमका कार्यक्रमहरु ल्याइनु पर्दछ ।

- भूकम्पबाट क्षतीग्रस्त मठ मन्दिर, गुम्बा लगायतका **सांस्कृतिक सम्पदाहरुको पुननिर्माण**को लागि पर्याप्त बजेट व्यवस्था गरिनु पर्ने ।
- **आन्तरिक पर्यटन प्रबर्द्धन** गर्ने खालका कार्यक्रम ल्याउने ।
- पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथ, पाथिभरा, हलेसी, गोसाईकुण्ड, स्वर्गद्वारी, छिन्नमस्ता, खैरावाङ्ग लगायत क्षेत्रमा **धार्मिक पर्यटन प्रबर्द्धन** गर्न पूर्वाधार विकासमा बजेट विनियोजन गर्ने ।
- **निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमलाई निरन्तरता** दिने र आवश्यकतानुसार बजेट बढाइनु पर्ने ।
- बृद्ध भत्ता बितरणमा अती गरिबको उमेरको हद घटाइनु पर्ने । यस्तो भत्ता बितरण जनप्रतिनिधी मार्फत बितरण गर्ने व्यवस्था मिलाउने ।
- एकल महिलाको परिभाषामा अविवाहित र सम्बन्ध विच्छेद गरेकालाई सम्बोधन हुने गरी प्रष्ट गर्ने ।
- सामाजिक सुरक्षाका सबै कार्यक्रमहरु **सामाजिक सुरक्षा कोष** मार्फत हुने गरी एकीकृत गरियोस् ।
- **उर्जाको उत्पादन बृद्धि**मा जोड दिने । **इन्द्रावती जलाशययुक्त बहुउद्देश्यीय आयोजना** निर्माणको लागि बजेट व्यवस्था गर्ने ।
- **विदेशमा रहेका नेपालीहरुले कमाएको रकमलाई एकै ठाउँमा राखेर विकास कार्यमा लगाउने र रेमिट हाइड्रोको अवधारणालाई बजेटमा सम्बोधन गरियोस् ।**
- **कर्मचारीको क्षमताको अधिकतम उपयोग** गर्ने गरी प्रोत्साहनको व्यवस्था गर्ने ।
- संघीय ढाँचामा कर्मचारीको समायोजन गर्दा **कर्मचारीलाई प्रोत्साहन स्वरुप एक तह बढुवा र राज्यको व्ययभार विच तालमेल** हुने गरी कार्यक्रम ल्याउने ।
- प्रेस जगतको विकास र सक्षमताका लागि कार्यक्रम ल्याउने ।
- संविधान कार्यान्वयन गर्न जनप्रतिनिधीहरुलाई प्रशिक्षित गर्ने कार्यक्रम ल्याइनु पर्दछ ।
- विकास निर्माणका कार्यहरुलाई समयमै सम्पन्न गर्न ठेक्का प्रणाली जस्ता पक्षमा सुधार गरियोस् ।